# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः २४ | मितिः फागुन १२ गते, २०७९


## भाग–२

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको मापदण्ड नं. १

## खसी, बोका, भेडा, च्याङग्राको बजार व्यवस्थापन मापदण्ड, २०७९

**प्रस्तावनाः**

खसी, बोका, भेडा, च्याङग्राको व्यवस्थित तथा बैज्ञानिक बजारीकरण गरी उपभोक्तालाई सहज तथा पारदर्शी रुपमा खसीबोका उपलब्ध गराउन तथा पशुपन्छी बजारीकरणका कारण हुन सक्ने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को ञ र ण को अधिकार प्रयोग गर्नका लागि आपश्यक देखिएकोले चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि, (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम यो मापदण्ड तयार गरी लागु गरेको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो मापदण्डको नाम खसी, बोका, भेडा, च्याङग्राको बजार व्यवस्थापन मापदण्ड, २०७९ हुनेछ ।

ख) यो मापदण्ड चन्द्रागिरि नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) **"पशु"** भन्नाले खसी, बोका, भेडा, च्याङग्रा सम्झनुपर्दछ । सो शब्दले मासुको लागि प्रयोग हुने बाख्रा प्रजातिका भाले र पोथी दुबैलाई जनाउँछ ।

(ख) **"पालिका"** भन्नाले चन्द्रागिरी नगरपालिका सम्झनुपर्दछ ।

(ग) **"ढुवानीको साधन"** भन्नाले पशुहरुलाई उत्पादन पकेट क्षेत्र, सङ्कलन स्थलदेखि बजार स्थलसम्म सुरक्षित ओसारपोसार गर्ने सुविधायुक्त गाडी सम्झनुपर्दछ ।

(घ) **"सङ्कलन केन्द्र"** भन्नाले खसी बोका भेडा च्याङग्रा बिक्री गर्न प्रयोजनको लागि सङ्कलन हुने स्थान सम्झनुपर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्दछ ।

(च) **"सहकारी"** भन्नाले सहकारी ऐन, २०४८ अनुसार गठित सहकारी संस्थालाई सम्झनुपर्दछ ।

(छ) **"अक्सन मार्केट"** भन्नाले बोल कबोल वा लिलाम बढाबढबाट पशुपन्छीको मूल्यतय गरिने बजारलाई सम्झनुपर्दछ ।

(ज) **"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनुपर्दछ ।

(झ) **"सम्बन्धित कार्यालय"** भन्नाले नगरपालिका सम्झनुपर्दछ ।

(ञ) **"मापदण्ड"** भन्नाले खसी, बोका, भेडा, च्याङग्राको बजार व्यवस्थापन मापदण्ड २०७९ सम्झनुपर्दछ ।

(ट) **"निर्देशन समिति"** भन्नाले दफा ४ अनुसारको निर्देशन समिति सम्झनुपर्दछ ।

(ठ) **"बजार व्यवस्थापन समिति"** भन्नाले दफा ५अनुसारको समिति सम्झनुपर्दछ ।

(ड) **"ई ट्रेडिङ्ग"** भन्नाले ईन्टरनेट वा अनलाईन प्रणाली मार्फत खसी, बोका, भेडा, च्याङग्राको बिक्री वितरण हुने सम्झनुपर्दछ ।

(ढ) **"ई मार्केटिङ्ग"** भन्नाले ईन्टरनेट वा अनलाईन प्रणाली मार्फत खसी, बोका, भेडा, च्याङग्राको बजारीकरण सम्झनुपर्दछ ।

(ण) **"अनलाईन मार्केटिङ"** भन्नाले अनलाईन प्रणाली मार्फत खसी, बोका, भेडा, च्याङग्राको समग्र बजारीकरण सम्झनुपर्दछ ।

## ३. उद्देश्यः

(क) उत्पादन पकेटहरुलाई बजारसँगको आबद्धता प्रदान गर्दै जीवित खसीबोकाको बजारीकरणमा टेवा पुर्‍याउने तथा बजारको माग अनुसार गुणस्तरीय खसीबोकाको सहज आपूर्ति सुनिश्चित गर्ने ।

(ख) कृषकलाई अतिरिक्त प्रोत्साहन मूल्य उपलब्ध गराई उनीहरुलाई पर्याप्त मात्रामा गुणस्तरीय खसीबोका उत्पादनको लागि प्रोत्साहन गर्दै खसी बोकाको बजारीकरणलाई प्रभावकारी चुस्त बनाई कृषकले बढी मूल्य पाउने र उपभोक्ताले समेत गुणस्तरीय खसीबोका सहज तथा सुपथ मूल्यमा उपलब्ध गराउने ।

(ग) खसीबोका बजारीकरणको लागि आधुनिक तथा पशु कल्याणमैत्री बजार पूर्वाधारको विकास गरी बजार सञ्जालको विकास एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गरी उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुर्‍याउने ।

(घ) खसी, बोका, भेडा, च्याङ्ग्राको होल्डिङ्ग सेन्टर व्यवस्थापन गरी अन्य निकायहरुमा ढुवानी तथा परिवहन गर्न सहजीकरण गर्ने तथा आन्तरिक पशु क्वारेन्टाईन चेकपोष्ट स्थापना गर्न प्रदेश र सङ्घीय निकायमा समन्वय गर्ने ।

## परिच्छेद २

४. **पशुपन्छी बजार व्यवस्थापन निर्देशन समितिः** (क) पशुपन्छी बजार प्रवर्द्धन तथा नियमन कार्यको लागि देहायका पदाधिकारी सहितको एक उच्चस्तरीय निर्देशक समिति रहने छ ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | सम्बन्धित क्षेत्रको वडा अध्यक्ष | सदस्य |
| ५. | कानुन अधिकृत वा कानुनी सल्लाहकार | सदस्य |
| ६. | विपत् तथा वातावरण शाखा प्रमुख | सदस्य |
| ७. | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

(ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । समितिका सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी समितिको बैठक बोलाउन सक्नेछ ।

(ग) समितिको काम कर्तव्य र अधिकार

- पशुपन्छी बजार विकास तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण गर्ने ।
- पशुपन्छी बजार विकास तथा व्यवस्थापनका लागि पेश भएका प्रस्ताव तथा कार्ययोजना स्वीकृत गर्ने ।
- पशुपन्छी बजार विकास तथा व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको समुचित परिचालन गर्ने ।
- पशुपन्छी बजार व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।
- पशु होल्डिङ्ग सेन्टर व्यवस्थापन गरी अन्य निकायहरुमा ढुवानी तथा परिवहन गर्न समन्वय तथा सहजीकरण गर्ने ।
- आन्तरिक पशु क्वारेन्टाईन चेकपोष्ट स्थापना गर्न सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।

५. **बजार व्यवस्थापन समितिः** खसीबोका बजार विकास व्यवस्थापन तथा सञ्चालनको लागि खसीबोका उत्पादन समूह, सहकारी किसान प्रतिनिधि, ढुवानीकर्ता उपभोक्ता प्रतिनिधि र नगरपालिकाका प्रतिनिधि सहितको एक बजार व्यवस्थापन समिति गठन गर्नु पर्नेछ । बजार व्यवस्थापन समितिको बैठक बर्षमा कम्तीमा ४ पटक बस्नेछ साथै आवश्यकतानुसार थप बैठक बस्न सक्नेछ । बैठकमा विज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

६. **ईजाजतपत्र लिनु पर्नेः** पशुपन्छी बजार स्थापना तथा सञ्चालनको लागि व्यवसायीले तोकिएको दस्तुर तिरी नगरपालिकाबाट ईजाजतपत्र लिनु पर्नेछ ।

७. **हिसाबकिताब राख्नुपर्नेः** बजार व्यवस्थापन समितिले बजारमा विनिमय भएका सबै लेनदेनको हिसाब राख्नुपर्छ ।

८. **बजार सञ्चालन मापदण्डः**

१. कृषक व्यवसायी, उद्यमी, समूह, समिति, सहकारी, व्यवसायी, संघ-संस्था, स्थानीय तहसँगको लागत साझेदारीमा खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केट स्थापना र सञ्चालन निर्माण गर्न सक्नेछ ।

२. हाल सञ्चालनमा रहेका खसीबोका हाटबजारहरु र सङ्कलन केन्द्रहरुसँगको लिंकेज विकास गर्ने कार्यक्रम गर्न सकिनेछ ।

३. नगरपालिकामा निर्माण हुने खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केटमा ब्यापारी, खरीदकर्ता तथा पशुपन्छीका लागि न्यूनतम भौतिक सुविधाहरु उपलब्ध हुनुका साथै मानव र पशुकल्याण समेत सुनिश्चित गर्नका लागि असल बजार व्यवस्थापन अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

४. खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केटको भौतिक संरचनाको मूल स्वरुप अनुसूची २ बमोजिमको हुनुपर्नेछ ।

९. **भौतिक पूर्वाधारः** यस नगरपालिकामा निर्माण गरिने खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केटमा हुनुपर्ने न्यूनतम पूर्वाधारहरु,

(क) १५०० खसीबोका क्षमता भएको सङ्कलन केन्द्र तथा अक्सन मार्केट निर्माणका लागि सम्बन्धित प्रस्तावकले कम्तीमा ३० रोपनी आफ्नै स्वामित्वको वा कम्तीमा १० बर्षको लिज सम्झौता जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्रस्तावपत्रका साथ पेश गर्नु पर्नेछ । त्यस्तै १००० खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केट निर्माण गर्न चाहने प्रस्तावकले कम्तीमा

२४ रोपनी, ५०० खसीबोका क्षमताको सङ्कलन केन्द्रको लागि १४ रोपनी, २५० खसीबोका कारोबार हुने सङ्कलन केन्द्र तथा बजारको लागि ९ रोपनी आफ्नै स्वामित्वको वा कम्तीमा १० बर्षको लिज सम्झौता जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्रस्तावपत्रका साथ पेश गर्नुपर्नेछ । सो को लागि पर्याप्त स्थान उपलब्ध हुन नसकेमा प्रस्तावकले नजिकैका स्थानीय तहहरुमा होल्डिङ्ग सेन्टर तथा आउटलेटहरु स्थापना गर्न सक्नेछन् । तर कम्तीमा पनि ७ दिनको लागि बजारका माग आपूर्ति सुनिश्चता हुने गरी बजार व्यवस्थापन गर्नु पर्नेछ ।

(ख) खसीबोका सङ्कलनकेन्द्र तथा अक्सन मार्केट सञ्चालनबाट भएको बार्षिक आम्दानीको १५ प्रतिशत रकम बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(ग) यस मापदण्ड अनुसार निर्माण हुने खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केटको स्वामित्व र सञ्चालन गर्ने दायित्व सम्बन्धित प्रस्तावकको हुनेछ ।

(घ) नगरपालिकाको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरिएको खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केट मार्केटको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु र हटाउनु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ । खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केटको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु र हटाउनु पर्ने भएमा नगरपालिकाले निश्चित समयसीमा तोकी तोकिएको समयसम्म बजार सञ्चालन गर्न निर्देशन दिन सक्नेछ ।

(ङ) आवश्यक संरचना तथा सुबिधा

१. जमिनको लेआउट, आवश्यक पूर्वाधार सहितको पशुहरू सङ्कलन गर्ने स्थानको निर्माण, पशु सङ्कलन केन्द्रका लागि आवश्यक भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।

२. पशु हाटबजार प्रवेश मार्ग सुधार ।

३. कार्यालय भवन निर्माण, सुरक्षा संयन्त्र, प्राथमिक उपचार केन्द्र, सूचना केन्द्र निर्माण ।

४. व्यापारी र पशुहरुलाई गर्मी र बर्षा लगायतका विभिन्न प्राकृतिक प्रकोपबाट बचाउन टहरा निर्माण, ढल निकासको व्यवस्था र भुई ढलान ।

५. पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था । बजार क्षेत्रको बार बन्देज (काँडेतार प्रयोग गर्न नपाईने) तथा जैविक सुरक्षाको लागि आवश्यक संरचना र व्यवस्थापन कार्यका लागि खर्च गर्न सकिनेछ ।

६. पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि प्लेटफार्म (Ramp) निर्माण ।

७. व्यापारी/खरीदकर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था, बारबन्देज र कम्पाउण्ड वाल निर्माण ।

८. रोगी निरोगी पशुहरू छुट्टाउने कक्ष, रोगी पशुहरू राख्ने कक्ष, आइसोलेसन सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष ।

९. स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण ।

१०.उपकरण जडान, विद्युत र पानीको नियमित आपूर्ति सम्बन्धि कार्यहरु ।

११.अक्सन हुन लागेको पशुको फोटो/भिडियो सहित उक्त पशुको महत्वपूर्ण सूचना डिस्प्ले हुने डिजीटल वोर्ड ।

१२.अक्सन कार्यको लागि प्लेटफार्म निर्माण ।

१३.पशु तौलने उपकरणको व्यवस्था ।

१४.पशु हाटबजारभित्र पशु स्वास्थ्य सेवा प्रदान गर्न तथा बिक्री भएका पशुहरुको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्नका लागि नेपाल पशु चिकित्सा परिषदमा दर्तावाल भेटेरिनेरियन र डिस्पेन्सरी सेवाको व्यवस्था ।

१५.पशु हाटबजारमा ल्याइने र बिक्री गरिने पशुको रेकर्ड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रबन्ध । अभिलेखीकरण र सूचना व्यवस्थापनका लागि कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

१६.पशुहरुको लागि आवश्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाँउको उचित प्रबन्ध ।

१७.ढल निकासको व्यवस्था र भुई ढलान, ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण, बायोग्याँस प्लान्ट स्थापना, फोहोर मैला सङ्कलन गर्ने भाँडा, औजार, उपकरणको व्यवस्था ।

१८.व्यापारी कृषक, व्यवसायी, खरिदकर्ता तथा बिक्रेताहरुको खानेपानीको व्यवस्था, विश्राम गृह तथा शौचालय र खाजाघरको व्यवस्था,

१९.जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था ।

२०.कृषक व्यापारी तथा खरिदकर्ताको सुरक्षा व्यवस्थापनको लागि सुरक्षा निकायको पोष्ट राख्नु पर्नेछ ।

२१.मरेका खसीबोकाको शव व्यवस्थापन गर्न सुरक्षित तथा जैविक सुरक्षायुक्त बायोपिट निर्माण गर्नु पर्नेछ । नगरपालिकाले आवश्यक परेको बेला सो बायोपिट अन्य स्थानमा मरेका पशु व्यवस्थापन गर्न समेत प्रयोग गर्न सक्नेछ । तर विज्ञको सल्लाह बमोजिमका जैविक सुरक्षाका विधिहरु अपनाउनु पर्नेछ ।

## १०. मूल्य निर्धारण र प्रसार

- बजारमा बिक्री गरिने खसीबोकालाई तौलको आधारमा ग्रेडिङ्ग गरी बिक्री बितरण गर्नुपर्नेछ । कृषकसँग खरिद गर्दा र उपभोक्तालाई बिक्री गर्दा ईलेक्ट्रोनिक ब्यालेन्समा तौलेर मात्र गर्नु पर्नेछ ।
- सङ्कलन केन्द्र तथा अक्सन मार्केटमा प्रयोग हुने सबै ईलेक्ट्रोनिक ब्यालेन्स नेपाल गुणस्तर तथा नापतौल विभागबाट आवधिक रुपमा क्यालिब्रेशन गरिएको हुनुपर्छ ।
- बजारमा खसीबोकालाई निश्चित समयसम्म होल्डिङ्ग गर्न आवश्यक दानापानी र आहाराको व्यवस्था गर्नुपर्छ ।
- बजार व्यवस्थापन समितिले बजारको मूल्य नीति निर्धारण गर्दा मूल्यमा हुने उतार चढावको स्तर कायम गर्न स्वदेशी कृषकका उत्पादन अनिवार्य खरीद प्रणाली मार्फत उत्पादकहरूलाई सुनिश्चित मूल्य कायम गर्नु पर्नेछ ।
- खुला बजार सञ्चालन मार्फत अन्तर-वर्ष मूल्य स्थिरता कायम राख्न बफर स्टकहरू कायम गर्नुपर्नेछ ।
- बजार शुल्कः खसीबोका बजार सञ्चालन गर्दा बजार व्यवस्थापन समितिले अनुचित बजार शुल्क लिन पाउने छैन् ।

- बजार व्यवस्थापन समितले अनावश्यक कर, शुल्क, दोहोरो शुल्क लिन पाउने छैन ।
- बजार व्यवस्थापन समितिले कृषकहरुको मूल्यको भुक्तानी स्थानीय बजारमा प्रचलित नियम अनुसार ३ देखि १५ दिनभित्र कुनै पनि कट्टी बिना उत्पादनको भुक्तानी दिनुपर्नेछ ।
- बजार व्यवस्थापन समितिले खसीबोका सङ्कलन केन्द्र र त्यहाँ रहेका भौतिक संरचना पूर्वाधार तथा पशुधनको बीमा गर्नु पर्नेछ ।
- पशुधन बजार व्यवस्थापनको बिधामा अनुसन्धानले सिफारिश गरेका नयाँ प्रविधि अवलम्वन गर्न सक्नेछ ।
- खसीबोका बजार व्यवस्थापनको लागि बजार व्यवस्थापन समितिले बजार व्यवस्थापन सम्बन्धी कार्यगत अनुसन्धान तालिम अभिमुखीकरण तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम मार्फत नियमित कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्नेछ ।

## ११. पशु ढुवानी

- खसीबोका बजार व्यवस्थापन समितिले पशु ढुवानी गर्दा पशु ढुवानी मापदण्डको पालना गर्नुपर्नेछ ।
- बजारका पूर्वाधार निर्माण एवं बजार सञ्चालन तथा व्यवस्थापन गर्दा पशु कल्याणका आधारभूत सिद्धान्तको पालना गर्नुपर्नेछ ।

## १२. बजार निरीक्षण तथा प्रमाणीकरण (सर्टिफिकेशन)

- खसीबोका बजारमा नगरपालिकाले नियमित रुपमा भेटेरिनरी निरीक्षण गर्नेछ ।
- निरीक्षणको क्रममा बजारमा आउने खसीबोकाको उत्पत्तिको प्रमाणपत्र स्वस्थताको प्रमाणपत्र चेकजाँच तथा निरीक्षण गर्नेछ । कानुनले बाध्यकारी गरेका प्रमाणपत्र नभएको अवस्थामा नियमानुसार कारवाही गर्नेछ ।
- नगरपालिकाबाट खटिएका पशु चिकित्सकले बजारका खसीबोकाको स्वास्थ्य परीक्षण गरी स्वस्थताको प्रमाणपत्र जारी गर्नेछन् ।
- बजारले आफ्नो बजारमा बिक्री हुने खसीबोकाको गुणस्तर कायम गर्नु पर्नेछ ।
- बजारमा आउने र बजारबाट बिक्री हुने खसीबोकाको पहिचान तथा ट्रेसियाबिलिटीको एकिन गर्नु पर्नेछ ।

## १३. बजारको तथ्याङ्क व्यवस्थापन

- बजार व्यवस्थापन समितिले एउटा छुट्टै डेडिकेटेड ईकाई मार्फत बजारमा आउने र बजारबाट बिक्री हुने खसीबोकाको ईलेक्ट्रोनिक वेभबेस तथा पेपरबेस तथ्याङ्क अध्यावधिक गर्नु पर्नेछ ।
- यसको लागि बजार व्यवस्थापन समितिले बिज्ञ तथा आई टि प्रोफेशनलहरुको सेवा करार गर्न सक्नेछन् ।

## १४. बजारको सूचना प्रणाली व्यवस्थापन

- आधुनिक खसीबोका बजारको प्रचार प्रसार तथा विज्ञापन गर्न ईलेक्ट्रोनिक होर्डिङ्ग बोर्ड स्थापना गर्न सक्नेछ ।
- डाईनामिक वेभबेस डाटावेस मार्फत तथ्याङ्क अध्यावधिक गरी मार्केट ईन्टेलिजेन्स प्रणाली स्थापना गर्न चाहने बजारको लागि नगरपालिकाले आर्थिक सहकार्य समेत गर्नसक्नेछ ।
- सङ्कलन केन्द्रमा नियमित रुपमा रोगको सर्भिलेन्स गरी नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा प्रेषण गर्नु पर्नेछ ।
- बजारको मूल्यसुची दैनिक रुपमा ईलेक्ट्रोनिक होर्डिङ्ग बोर्डमा डिस्प्ले गर्नुपर्नेछ ।

## १५. बजारमा नवपरावर्तन

- खसी बोका सङ्कलन केन्द्र तथा बजारमा अक्सन तथा ई अक्सन प्रणाली सञ्चालन गर्न सकिनेछ ।
- ई ट्रेडिङ्ग, ई मार्केटिङ्ग तथा अनलाईन मार्केटिङ्ग, ई मार्केट प्लेस मार्फत पनि खसीबोकाको बजारीकरण गर्न सकिनेछ । यसको लागि आवश्यक पूर्वाधार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ । यस कार्यको लागि बजार व्यवस्थापन समितिले विश्वसनीय र उपयुक्त कार्ययोजना पेश गरेमा नगरपालिकाले आर्थिक सहकार्य गर्न सक्नेछ ।
- खसीबोकाको आपूर्ति श्रृङ्खलामा सूचना प्रविधिका गतिविधिहरु एकीकृत गर्न सक्नेछ ।
- सहकारी बजारीकरणका मोडलहरु प्रयोग गर्न सकिनेछ ।

- बजार व्यवस्थापन समितिले किसान उत्पादन समूहसँग समन्वय सहकार्य गर्न सक्नेछ ।
- ग्रामीणस्तरमा रहेका पशु हाटबजार तथा सङ्कलन केन्द्रहरुसँग समन्वय, सहकार्य गरी लिंकेज स्थपना गर्न सक्नेछ ।

१६. **वित्तीय व्यवस्थापनः** बजारमा व्यापारी तथा खरिदकर्ताको सहज वित्तीय कारोबारको लागि बैकको ए.टि.एम. तथा क्यूआर वा अनलाईन भुक्तानीको व्यवस्था क्रमशः गर्नु पर्नेछ । बजार व्यवस्थापन समितिले खसीबोकाको आधुनिक बजारीकरणको लागि सल्लाहकार सेवा प्रदान गर्न सक्नेछ ।

## १७. व्यवस्थापकीय कार्य

- खसीबोका सङ्कलन तथा अक्सन मार्केट सञ्चालन गर्न बजार व्यवस्थापन समितिले बजार व्यवस्थापनका हरेक क्रियाकलापको अभिलेख व्यवस्थापन गर्नुपर्नेछ । कानुनले तोके बमोजिमका विवरण प्रदेश तथा संघीय कार्यालयहरुमा रिपोर्टिङ्ग गर्नुपर्नेछ ।
- बजारका गतिबिधि तथा बजारीकरणका प्रगति विवरण मासिक त्रैमासिक अर्धबार्षिक तथा बार्षिक नगरपालिकामा प्रेषण गर्नु पर्नेछ ।
- बजार व्यवस्थापनले बजारमा भएका हरेक गतिविधि, मूल्य, कारोबार भएका खसीबोका सर्भिलेन्स तथा ईपिडेमियोलोजिकल रिर्पोट लगायतका सम्पूर्ण विवरण सूचनापाटी तथा होर्डिङ्ग बोर्ड वा वेभसाईट मार्फत अद्यावधिक गरी सूचना प्रवाह गर्नु पर्नेछ । बजार व्यवस्थापनले बजारका क्रियाकलाप तथा गतिविधिको बिषयमा जानकारी गराउन एक जना सूचना अधिकारीको व्यवस्था गर्नुपर्नेछ र सबैले देख्ने ठाउँमा सूचना अधिकारीको फोटो समेत रहेको बोर्ड वा फ्लेक्स प्रिन्ट झुण्ड्याउनु पर्नेछ ।
- बजारमा भएका गतिविधि तथा क्रियाकलापको गुनासो आएमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नु पर्नेछ ।
- बजारमा भएका क्रियाकलाप तथा गतिविधिको पारदर्शिता कायम गर्नुपर्नेछ र बजारमा भएका सबै क्रियाकलाप तथा गतिविधिको जवाफदेहिता बजार व्यवस्थापन समितिले लिनु पर्नेछ ।
- सम्भाव्य अगलागि रोकथामको लागि अग्नी नियन्त्रणको व्यवस्था गर्नुपर्नेछ ।

## १८. अनुगमन मूल्याङ्कन

- नगरपालिकाले खसीबोका सङ्कलन केन्द्र तथा अक्सन मार्केटको नियमित तथा आवधिक रुपमा अनुगमन गर्नेछ ।
- प्रदेश तथा संघीय मन्त्रालयका आधिकारिक निकायहरुबाट समयसमयमा अनुगमन मूल्याङ्कन हुनेछ ।
- बजारले नगरपालिका तथा प्रदेश तथा संघीय मन्त्रालयका आधिकारिक निकायहरुबाट माग भए बमोजिमका फर्मेटमा विवरण उपलब्ध गराउनु पर्नेछ ।
- बजार व्यवस्थापनले अनुगमन गर्ने निकायले दिएका सुझाव तथा पृष्ठपोषणको कार्यान्वयन गर्नु पर्नेछ ।

## १९. समन्वय सहयोग, सम्बन्ध

- बजार व्यवस्थापन समितिले अन्तरनिकाय समन्वय सहयोग र सम्बन्ध कायम गर्नु पर्नेछ ।
- समयसमयमा विभिन्न सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा सम्बाद कार्यक्रम गर्नुपर्नेछ ।
- यस प्रकृतिका कार्यमा बजार व्यवस्थापन समितिले अनुरोध गरेमा नगरपालिकाले आर्थिक सहकार्य समेत गर्न सक्नेछ ।
- बजार व्यवस्थापन समितिले उत्पादनमूलक गठबन्धन तथा किसान हित समूहको संस्थागत विकास र सुदृढीकरणको कार्यमा सहयोग समन्वय गर्ने र बजारसँग लिंकेज स्थापना गर्नु पर्नेछ ।

## २०. वातावरणीय प्रभाव तथा वातावरणीय आचारसंहिता

१. बजार व्यवस्थापनले वातावरण संरक्षण ऐन, २०७५ र वातावरण संरक्षण नियमावली, २०७६ को अनुसुची २ बमोजिमको प्रारम्भिक वातावरण परीक्षण IEE गर्नुपर्नेछ ।

२. बजारमा ल्याईने पशुहरुका लागि आवश्यक पर्ने घाँस, पराल हरहिसाब गरेर पर्याप्त घाँसपराल आपूर्ति र दानापानीको श्रोतहरुको पहिचान तथा आपूर्ति व्यवस्था गर्नुपर्नेछ ।

३. घाँस आपूर्तिका लागि कानुनी रुपले प्रतिबन्धित क्षेत्रहरु जस्तैः राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष वा समुदायले स्वीकृति दिन नसक्ने स्थानबाट सङ्कलन गर्नुहुदैन । त्यस्ता स्थानहरुमा खुला रुपमा पशुहरु चरनका लागि छाड्नु हुँदैन ।

४. पशुपन्छीका गोठ सेडहरु पानीका श्रोतहरुबाट कम्तीमा ३० मी. टाढा हुनु पर्नेछ ।

५. खसीबोकालाई नजिकको पानीका श्रोतहरुसम्म आवतजावत गर्न दिनु हुँदैन ।

६. मलमूत्र सङ्कलन गर्ने खाल्डो पानीका श्रोत, बालबच्चा खेल्ने स्थान वा सामुदायिक भवनलाई असर नपर्ने किसिमले निश्चित दुरीमा राख्नु पर्नेछ ।

७. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजार सम्बन्धित संरचनाहरु जस्तै गोठ, दानाघर आदि निर्माण कार्यहरु गरिंदा, निर्माण सामग्रीहरु जुटाउँदा, सामान भण्डारण गर्दा, अनावश्यक सामग्रीहरु हटाउनुपर्दा वातावरणमैत्री उपायहरु अपनाउनु पर्नेछ ।

८. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजार क्षेत्र खोर तथा पशुहरुको सरसफाईका लागि चाहिने पानी मान्छेले सरसफाई र खानेपानीका लागि उपयोग गर्ने पानीको श्रोतदेखि कम्तीमा ३० मिटर पर हुनु पर्नेछ ।

९. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजारमा पशुहरुलाई राख्ने तौरतरिका, प्रयोग गरिने पशुऔषधिहरु, पशुदाना, कामदार तथा आवश्यक भाँडाकुँडा, उपकरणहरुको स्वच्छता, सरसफाइले प्रत्यक्ष वा अप्रत्यक्ष संक्रमित नहुने गरी व्यवस्थापन गर्नुपर्नेछ । पशुहरु स्वस्थ राख्न, गोठको सरसफाई राख्न, वातावरणीय सरसफाई सम्बन्धित उपयुक्त तालिम, अभिमुखीकरणको व्यवस्था गर्नुपर्नेछ । पशुहरुको दानाहरुमा हानीकारक रासायनिक बिषादीहरु नमिसिएको, सूक्ष्म जीवाणु सङ्क्रमित नभएको कुरा सुनिश्चित गर्नुपर्नेछ । पशु औषधिहरुको प्रयोग गर्दा आधिकारिक व्यक्ति वा निकायको सिफारिसमा उपयुक्त उद्देश्यका लागि उपयुक्त विधि र मात्रामा प्रयोग गर्नुपर्नेछ ।

१०. पशुपन्छीहरुको मलमुत्र सिधै खोलानालामा फ्याँक्नु हुँदैन । मलको रुपमा प्रयोग गर्नु अघि यसको कम्पोष्टिङ गर्नुपर्नेछ । कम्पोष्ट मल बनाउँदा पानीका स्रोत प्रदुषित हुन सक्ने कुरालाई ध्यान दिनुपर्नेछ । नकुहिने फोहरमैलाहरुलाई सुरक्षित स्थानमा खाल्डो खनेर उचित तवरबाट पुर्नुपर्नेछ । व्यावहारिक र

सम्भव भएसम्म पशुको मलमुत्रबाट वायोग्याँस उत्पादन गरी विभिन्न कार्यमा प्रयोग गर्नुपर्नेछ ।

११. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजारमा जनावर राख्ने सेड गोठ बनाउँदा सकभर वातावरणमैत्री ढङ्गबाट स्थानीय सामाग्रीहरुको प्रयोग गरी बनाउनु पर्नेछ ।

१२. नजिकैको पशु सेवा शाखाको सहयोगमा पशुपन्छीहरुलाई लाग्न सक्ने रोगहरुका विरुद्ध पशुहरुलाई खोप लगाउनु पर्नेछ । आवश्यकता अनुसार पशु चिकित्सकको सेवा सल्लाह समय समयमा लिनु पर्नेछ ।

१३. पशुलाई रोग लागेमा शिघ्र उपचारको व्यवस्था मिलाउनु पर्नेछ ।

१४. रोगी पशुहरुलाई स्वस्थ पशुहरुबाट छुट्टै राख्ने प्रबन्ध मिलाउनु पर्नेछ । मरेका पशुहरुलाई सुरक्षित तवरबाट खाल्डो खनी पुर्नु पर्नेछ ।

१५. संरचना निर्माण गर्दा तथा पशुपालनसँग सम्बन्धित कामदार र कृषकलाई उनीहरुको कामको प्रकृति अनुसार आवश्यक सुरक्षात्मक साधनहरु उपलब्ध गराउनु पर्नेछ ।

१६. कामदारलाई प्राथमिक स्वस्थ्योपचारका सामाग्रीहरु, शुद्ध पिउने पानी, शौचालय, सरसफाई, दुर्घटना बीमाको व्यवस्था मिलाउनु पर्नेछ ।

१७. ढुवानीका लागि प्रयोग हुने साधनहरुबाट हुनसक्ने वायु प्रदुषण न्युनीकरण गर्न नेपाल सरकारको सवारी मापदण्डभित्र पर्ने सवारी साधन प्रयोग गर्ने र सवारी साधनको नियमित मर्मतसंभारमा ध्यान दिनु पर्नेछ ।

१८. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजार सञ्चालनबाट प्रत्यक्ष वा अप्रत्यक्ष किसिमबाट दलित, जनजाती, महिला, सिमान्तकृत, विपन्न वर्ग साथै स्थानीय समेत लाभान्वित हुन सक्ने कुरालाई विषेश ध्यान दिनु पर्नेछ ।

१९. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजारमा बालश्रम प्रयोग गर्न पाईने छैन ।

२०. हाट बजारमा पशुपन्छी तथा सबै सेवाग्राहीको लागि चाहिने उपभोगयोग्य पानीको परिमाण पहिले नै लेखाजोखा गरेर आवश्यक पानीको पर्याप्तता सुनिश्चित गर्नु पर्नेछ ।

२१. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजारसँग सम्बन्धित संरचनाहरुका लागि निर्माण कार्यहरु गरिंदा, निर्माण सामाग्रीहरु जुटाउँदा, सामान भण्डारण गर्दा, अनावश्यक सामाग्रीहरु हटाउनुपर्दा वातावरणमा नकारात्मक असर नपर्ने किसिमले गर्नु पर्नेछ ।

२२. विद्युतको नियमित र भरपर्दो आपूर्तिको व्यवस्था गर्नु पर्नेछ ।

२३. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजार क्षेत्रमा तथा पशु ह्याण्डलिङ्ग गर्ने स्थलमा संभाव्य दुर्घटना र स्वास्थ्य खतराहरुबाट कामदारलाई जोगाउन आवश्यक सुरक्षाका उपायहरुको व्यवस्था मिलाउनु पर्नेछ ।

२४. प्राथमिक उपचार सामाग्री तयारी अवस्थामा कार्यस्थलको सुरक्षित स्थानमा राख्नु पर्नेछ । संरचना निर्माण तथा बजार सञ्चालनसँग सम्बन्धित कामदार र कृषकलाई उनीहरुको कामको प्रकृति अनुसार आवश्यक सुरक्षात्मक साधनहरु उपलब्ध गराउनु पर्नेछ । कामदारलाई प्राथमिक स्वास्थ्योपचारका सामग्रीहरु, शुद्ध पिउने पानी, शौचालय, सरसफाई, दुर्घटना बीमाको व्यवस्था मिलाउनु पर्नेछ ।

२५. पशु सङ्कलन केन्द्र, अक्सन मार्केट, हाटबजारको लागि स्थानको छनौट, डिजाइन, निर्माण, मर्मत संभार गर्दा संभव भएसम्म वातावरणीय सरसफाईका तरिकाहरु अपनाउन, पशुहरु स्वस्थ राख्न, सरसफाई राख्न, सामाग्रीहरुको भण्डारण बारेमा पशुपालक किसानहरुलाई उपयुक्त तालिम, अभिमुखीकरण प्रदान गर्नु पर्नेछ ।

## २१. विविध

क. यस कार्यविधि बमोजिम सञ्चालन हुने पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका दौरान कुनै भ्रम वा विवाद सिर्जना भए सम्बन्धित कार्यालयको निर्णय अन्तिम हुनेछ ।

ख. सम्बन्धित साझेदारले नगरपालिकाको पशुसेवा शाखाबाट हुने अनुगमन, निरिक्षण, तालिम र अवलोकन भ्रमणमा पूर्ण सहयोग गर्नुपर्नेछ ।

ग. कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस मापदण्डमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२२. आर्थिक पक्षः** बजार व्यवस्थापन समितिले प्रत्येक बर्ष आवधिक रुपमा नियमानुसार बजारको लेखा परीक्षण गर्नु पर्नेछ । लेखा परीक्षण प्रतिवेदन अनिवार्य रुपमा नगरपालिकामा बुझाउनु पर्नेछ । कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोबार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ ।

**२३. संशोधन तथा खारेजी**

क. यो मापदण्डको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख. यस कार्याविधिको कार्यान्वयमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

ग. यस मापदण्डमा उल्लेख भएका विषयबस्तु प्रदेश तथा सङ्घको ऐन नियमसँग बाँझिएको हकमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

## अनुसूची १

## दफा ९ खण्ड (क) सँग सम्बन्धित

### जग्गाको क्षेत्रफलको अनुमान


काठमाडौँमा खसीबोका दैनिक खपतः १५०० गोटा

- १ खसीबोकालाई आवश्यक पर्ने भुईको क्षेत्रफल = १.७५ ब.मि.
- १५०० खसीबोकालाई आवश्यक पर्ने भुईको क्षेत्रफल = १.७५“१५०० = २६३५
- १ रोपनीमा औं ft ५०७ ब.मि.
- २६२५ ब.मि. को जम्मा ५.१७ रोपनी
- १५०० खसीबोका ५ दिनको लागी स्टक राख्नको लागी कम्तीमा ५.१७“५ बराबर २५.८५ रोपनी

## अनुसुची २

## दफा ८ खण्ड (४) सँग सम्बन्धित

### लाइभस्टक अक्सन मार्केटको स्वरूप



प्रमाणिकरण: २०७९ फागुन १२ गते

मूल्य रू.

आज्ञाले

जीवनप्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत